# गुल्मीदरबार गाउँपालिका

## स्थानीय राजपत्र

खण्ड : ४ संख्या : २ वैशाख १७, २०८१

## भाग-३

## <u>सूचना</u>

गुल्मीदरबार गाउँपालिका गाउँ कार्यपालिकाकोमिति २०८१/०१/१७ गते बसेको गाउँ कार्यपालिका बैठकबाट भएका निर्णयहरुको यो सूचना प्रकाशन गरिएको छ।

| निर्णय नं. | निर्णय |
|---|---|
| १ | यस भन्दा अगाडी कार्यपालिका बैठकबाट भएका निर्णयहरुको कार्यान्वयनको अवस्थाको छलफल तथा समिक्षा गरियो । निर्णय कार्यान्वयनको अवस्था सन्तोष जनक पाइयो । |
| २ | गुल्मीदरबार गाउँपालिका वडा नं. १ स्थित कार्यालय भएको कंडेल निर्माणले घ वर्गको निर्माण व्यवसायी ईजाजत-पत्र पाउँ भनि  आवश्यक कागजात सहित निवेदन पेश गरेको हुँदा घ वर्गको निर्माण व्यवसायी ईजाजत-पत्र सम्बन्धी कार्याविधि, २०७४ को दफा २ बमोजिम ईजाजत-पत्र प्रदान गर्ने निर्णय गरियो । |
| ३ | गुल्मीदरबार गाउँपालिकाको आ.व.२०८०/०८१ को दोस्रो चौमासिकसम्मको प्रगति समिक्षा मिति २०८१/१/२१ गते ११.०० बजे र सार्वजनिक सुनुवाई सोहि दिन अपरान्ह १.०० बजे गुल्मीदरबार गाउँपालिका वडा नं. १ बलिथुममा गर्ने निर्णय गरियो । |
| ४ | गुल्मीदरबार गाउँपालिकामा निर्माण भएको १५ शैयाको आधारभूत अस्पताल निर्माण गर्दा आ.व.२०७९/०८० मा राखिएको हेरालु थम्मन बहादुर झाँक्रीको रकम भुक्तानी दिन बाँकी रहेको हुँदा निजलाई मासिक रु.५०००।- का दरले उपलब्ध गराउने निर्णय गरियो । |
| ५ | गुल्मीदरबार गाउँपालिकाबाट सञ्चालन हुने योजना तथा कार्यक्रमहरुको म्याद २०८१ जेठ मसान्तसम्म थप गर्ने निर्णय गरियो । |

आज्ञाले,

(राजिव पन्थी)

प्रमुख प्रशासकीय अधिकृत